राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक २५ गते

'यातनामुक्त हिरासत' का लागि आयोग प्रयत्नशील

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदिप पाठकले 'यातनामुक्त हिरासत' को अवधारणालाई मूर्त रूप दिन आयोग प्रयत्नशील रहेको बताउनुभएको छ ।

महानगरीय प्रहरी आयुक्तको कार्यालयद्वारा राजधानीमा मङ्गलबार आयोजित 'यातनामुक्त हिरासत' सम्बन्धी प्रशिक्षण कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्दै सदस्य पाठकले उक्त कुरा बताउनुभएको हो ।

उहाँले हिरासतमा हुने यातनाले थुनुवाले सम्मानित ढङ्गले जीवनयापन गर्न पाउने अधिकार हनन हुने भएकोले यस दिशामा सरोकारवाला पक्षहरू सम्वेदनशील हुनुपर्ने विचार अघि सार्नुभयो ।

प्रशिक्षण कार्यक्रममा महानगरीय प्रहरी आयुक्त अतिरिक्त प्रहरी महानिरीक्षक विज्ञानराज शर्मालगायत उपत्यकामा कार्यरत उच्चपदस्थ प्रहरी अधिकृतहरूको सहभागिता थियो ।

.....
वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५५०१०३, पोस्ट नं. ९०४२, [illegible]